अनुसूची - १०

(दफा १० सँग सम्बन्धित)

नेपाल सरकार



# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग, बबरमहल, काठमाडौं

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**सूचना नं.:- ०८१/०८२-०१**

**चौथो पटक प्रकाशित मितिः २०८१।१०।२१**

यस विभागमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्ने प्रयोजनका लागि मिति २०८१।०४।१५ मा तेस्रो पटक प्रकाशित सूचना बमोजिम समेत कुनै पनि बोलपत्र पेश हुन नआएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ को उपनियम ७ बमोजिम न्यूनतम मूल्यमा वार्ताद्वारा सोझै लिलाम बिक्री गर्न यो सूचना प्रकाशन गरिएको छ । वार्ताद्वारा न्यूनतम तोकिएको मूल्यमा उल्लिखित जिन्सी मालसामानहरू खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिनभित्र कार्यालय समयमा यस विभागको जिन्सी शाखामा सम्पर्कका लागि आव्हान गरिन्छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस विभागको जिन्सी शाखामा सँग सम्पर्क राख्न सकिने छ ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु. ६,८७,५८७.२०।- (अक्षेरुपीः छ लाख सतासी हजार पाँच सय सतासी रुपैयाँ वीस पैसा मात्र) मू.अ. कर वाहेक रहेको छ ।

०८१।१०।२१

पदम प्रसाद पोखेल

शाखा अधिकृत